# क्षयरोग उपचार केन्द्रबाट सञ्चालन हुने स्वीकृत कार्यक्रमहरूको कार्य सञ्चालन मापदण्ड, आ. व. २०७८/७९

## प्रदेश सरकार

## **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## गण्डकी प्रदेश

पोखरा, नेपाल

# विषयसूची


१ कार्यालयको भवन सुधार

२ ढल/ नाला निकास/ कम्पाउण्ड वाल /भित्रि सडक जस्ता संरचना निर्माण

३ क्षयरोको कल्चर ल्यावका लागि सेवा करारः

४ TB Basic Modular तालिम

५ क्षयरोग गुणस्तर नियन्त्रण कार्यक्रम

६ संक्रमण नियन्त्रणको लागि आवश्यक अन्य सामग्री खरीद

७ प्रयोगशालाकर्मीशरुका लागि क्षयरोग सम्बन्धि खकार माइक्रस्कोपीका लागि LQAS तालिम

८ जिन एक्स्पर्ट परीक्षण सोधभर्ना

९ क्षयरोग कल्चर ल्यावको कुरीयर सेवा

१० जिन एक्स्पर्ट मेसिन लगायत मेसिनरी औजार उपकरणको सञ्चालन तथा मर्मत खर्च

११ वि एस एल थ्री ल्याव सञ्चालन खर्च

१२ फोहोरमैला ब्यवस्थापन

१३ कल्चर ल्याव सञ्चालन खर्च तथा रिजेन्ट एव अन्य सामग्री खरिद

# १। कार्यालयको भवन सुधार

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ११.१.३.१ | ३११६१ | ३ | पटक | रू १५,००,०००/- | प्रथम/दोस्रो /तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोग उपचार केन्द्र को परीसर मा रहेका केहि भौतिक संरचनाहरु पुराना भई कमजोर अवस्थामा रहेका (छत, ढोका, झ्याल, मुल गेट, ट्रस निर्माण, शौचालय आदि) हुनाले आवश्यकता अनुसार सुची तयार तथा मर्मत योजना बनाई भवन तथा संरचना लाई दिर्घकालिन रुपमा संचालन गर्नका यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यालयको भौतिक संरचनाको मर्मत संभार गरि संरचनाको आयु तथा सेवा प्रवाहको गुणस्तरियता तथा उपयोगिता अभिवृद्धि गर्नु। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा । |
| कार्य सञ्चालन प्रकृया | • मर्मत संभार गर्नुपर्ने भवन, भौतिक संरचनाको प्राविधिकबाट लगत इस्टिमेट तयार गरी स्वीकृत गर्ने ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन र नियमानुसार मर्मत प्रकृया अगाडि बढाउने ।<br>• मर्मत संभारको अवस्था बारे मुल्याङ्कन गरि प्रतिवेदनका आधारमा भुक्तानि गर्ने । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | कार्यालयको भौतिक संरचनाको मर्मत संभार भई भवन तथा संरचनाको स्तरउन्नति भएको हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# २। ढल/ नाला निकास/ कम्पाउण्ड वाल /भित्रि सडक जस्ता संरचना निर्माण

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ११.४.२२.२ | ३११५९ | १ | पटक | ३३०००० | दोश्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | कार्यालय हाता भित्र रहेका ढल, नाला,कम्पाउण्ड वाल, भित्रि सडक वा अन्य भित्रि संरचनाको निर्माण गरि कार्यालयलाइ सुरक्षित एवम् व्यवस्थित राख्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कार्यालयको भित्रि वातावरण सफा, स्वच्छ सुरक्षित, एवम् व्यवस्थित राख्न मद्दत पुर्याउने तथा कर्यालयको संरचनाको आयु बढ्ने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | ३। मर्मत विवरणको सम्बन्धित प्राविधिकबाट लगत ईस्टीमेट तयार गर्न लगाउने र त्यसलाई स्विकृत गर्ने ।<br>४। प्रचलित सार्वजनिक खरिद ऐन र नियमानुसार मर्मत प्रकृया अपनाउने ।<br>५। मर्मत सम्भारको अवस्था बारे मूल्यांकन गरी प्रतिवेदनको आधारमा भुक्तानी गर्ने । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | कार्यालय लाइ सुरक्षित र व्यवस्थित गरि कार्यालयको सरसफाई तथा वातावरणिय अवस्थामा सुधार आउनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# ३. क्षयरोगको कल्चर ल्यावका लागि सेवा करारः

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.५.७.२६ | २२४१३ | ३ | पटक | २५२०००० | प्रथम /दोश्रो/तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | क्षयरोग निदान खास गरि औषधि प्रतिरोधि क्षयरोग एल पी ए ,कल्चर / डि एस टि ल्यावको महत्वपूर्ण भूमिका रहने हुनाले प्रदेश स्तरमा एल पी ए कल्चर / डि एस टि ल्याव संचालन गर्न लागिएको तर स्वीकृत दरवन्दी नभएकोले सेवा करारमा ल्याव कर्मचारी व्यवस्थापन गरि एल पी ए ,कल्चर / डि एस टि सेवा सुचारु गर्न यो कार्यक्रम राखिएको हो । |
| **उद्देश्य** | प्रदेश स्तरमा जटिल एवं बहुऔषधि प्रतिरोधी क्षयरोगको प्रभावकारी एवं सुलभ निदान तथा उपचार व्यवस्थापन लागी एल पी . ए , कल्चर/ डि एस टि सेवा संचालन गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| **कार्य सञ्चालन प्रकृया** | • करार सेवाका आवश्यक कर्मचारीहरुको लागी करार सेवा बमोजिम विज्ञापन आहवान गर्ने/ प्रक्रिया अगाडि बडाउने ।<br>• छनोट प्रक्रियाः लिखित / प्रयोगात्मक / अर्न्तवार्ता का आधारमा उपयुत्त उम्मेदवार छनौट गर्न स्वास्थ्य ताथा जनसंख्या मन्त्रालय संग समन्वय / सहकार्य गर्ने ।<br>• सेवा करारमा लिइने सम्पूर्ण पदको कार्यविवरण तयार गर्ने ।<br>• छनौट भएका कर्मचारी हरुको कार्यसम्पादन अनुगमन गर्ने ।<br><br>पद संख्या एवम् प्रकार<br>माईक्रोबायोलोजिष्ट १ जना<br>ल्याव टेक्नोलोजिष्ट १ जना<br>ल्याव टेक्निसियन २ जान<br>प्रयोगशाला सहयोगि कर्मचारी १ जान |
| **बजेट बाँडफाँट** | नेपाल सरकार तथा सम्बन्धित प्रदेश सरकारले तोको श्रेणी वा तह अनुसारको न्युनतम तलव भत्ता भन्दा कम नहुनेगरि आपसी सहमतिमा निर्धारण भए वमोजिम । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । |
| **अपेक्षित प्रतिफल** | जटिल एवं बहुऔषधि प्रतिरोधी क्षयरोगको प्रभाकारी एवं सुलभ निदान तथा उपचार व्यवस्थापमा सहज हुने |
| **प्रतिवेदन** | कर्मचारी छनौट प्रक्रियाको विवरण ,शैक्षिक योग्यताका प्रमाण पत्र, कार्यविवरण , सम्भौताविवरण आदिको विवरण राख्ने ।छनौट भएका ल्यावकर्मी का विवरण राष्टिय क्षयरोग केन्द्र मा ( Email मार्फत) पठाउने । |

# ४. T.B Basic Modular तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.५.२ | २२५२२ | २ | पटक | ५००००० | प्रथम /दोश्रो |
| विषयवस्तु | विवरण | | | | |

| | |
|---|---|
| **परिचय** | नया नियुक्ति भई आएका तथा क्षयरोग आधारभुत माईक्रोस्कोपिक तालिम(T.B Basic Modular Microscopic तालिम) नपाएका कार्यरत प्रयोगशालाकर्मिलाई क्षयरोग निदानको लागि TB Microscopy आधारभुत तालिम सम्बन्धी ज्ञान सिप र क्षमता अभिवृद्धि गर्न यो तालिम राखिएको हो । |
| **उदेश्य** | क्षयरोग निदान प्रयोगशालामा ज्ञान, सिप र क्षमताका साथै कर्मचारी मा सकारात्मक सोचको अभिबृद्धि गर्ने। |
| **कार्य सञ्चालन प्रकृया** | तालिम नलिएकाका प्रयोगशाला कर्मिहरुको विवरण तयारका लागि स्वास्थ्य संस्थाहरु संग सम्नवय गर्ने ।<br>तालिम अवधी आधारभुत ६ दिन र पुनर्ताजगि २ वा ३ दिनको हुनेछ ।<br>सहभागि संख्या २० देखि २५ जना सम्म गर्न सकिनेछ ।<br>विषयगत बिज्ञहरुलाई सहजकर्ताको रुपमा समावेश गर्न सकिनेछ ।<br>तालिम सामाग्रीका लागि रा. क्ष. के. संग समन्वय गरि तालिम निर्देशिका अनुसार अध्यापन, प्रस्तुतिकरण, क्षलफल, समुहकार्य र प्रयोगात्मक अभ्यास गराउने ।<br>प्रदेश अन्तरगतका स्वास्थ्य संस्था वा स्थानमा गई तालिम आयोजना गर्न सकिनेछ।<br><br>विनियोजित वजेटको परिधिमा रहि कार्यालय तथा माईक्रोस्कोपिक सेन्टरहरुको आवश्यकता अनुसार आधारभुत वा पुनर्ताजगी तालिम सञ्चालन गर्ने।<br><br>Microscopy आधारभुत तालिम पुस्तिका, क्षयरोग सेवा अभिलेख तथा प्रतिवेदन फारमहरु प्रयोग गरिनेछ ।<br><br>क्षयरोग मुक्त स्थानिय तह घुम्ती शिविर (कन्टयाक्ट ट्रसिङ, एक्टिभ केस फाइन्डिङ् तथा टि. बि माइक्रोस्कोपिक क्याम्प जस्ता कार्यक्रमहरु यस तालिम प्राप्त प्रयोगशालकर्मिहरु कार्यरत माईक्रोस्कोपिक सेन्टरहरु बाट गर्न सकिनेछ र उक्त कार्यक्रमको अनुगमन ताथा मुल्याङ्कन यस केन्द्र बाट गरिनेछ । |

| | |
|---|---|
| **बजेट बाँडफाँट** | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| **अपेक्षित प्रतिफल** | प्रदेश अन्तरगतका माईक्रोस्कोपिक सेन्टरमा खकार परिक्षणको गुणस्तरता कायम हुने तथा क्षयरोग निदान प्रक्रियामा एकरुपता आउने । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ५. क्षयरोग गुणस्तर नियन्त्रण कार्यक्रम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.५.६ | २२५२२ | ३ | पटक | ३४८००० | प्रथम /दोश्रो/तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| **परिचय** | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रबाट क्षयरोग आधारभुत माईक्रोस्कोपिक तालिम प्राप्त गरि प्रदेश भित्र संचालनमा रहेका प्रयोगशालाहरुबाट चौमासिक रुपमा ए. एफ.बि. स्लाइडहरु LQAS बिधिबाट गुणस्तर नियन्त्रण शाखा क्षयरोग उपचार केन्द्रमा पठाउने र प्रिस्ठपोशण गर्ने स्थलगत अनुगमन गर्ने, अनुशिक्षण गर्ने र क्षयरोग निदानका लागि आवश्यक पर्ने ल्याब केमिकल, कन्जुमेबल्स् सामाग्रीहरु प्रयोगशालाहरुका लागि उपलब्ध गराऊन यो कार्यक्रम राखिएको हो । |
| **उदेश्य** | तालिम प्राप्त माईक्रोस्कोपिक सेन्टरबाट नियमित चौमासिक रुपमा ए. एफ.बि. स्लाइडहरुको गुणस्तर परिक्षण गर्ने र ल्याब केमिकल, कन्जुमेबल्स् आपुर्ति गरी क्षयरोग निदानको लागि खकार परिक्षणको गुणस्तरता कायम गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| **कार्य सञ्चालन प्रकृया** | ६. ल्याब स्थलगत अनुशिक्षण अनुगमन र क्यु सी स्लाईड कलेक्सन स्थलगत अनुशिक्षण कार्यतालिका तयार गरी स्वीकृत गराउने ।<br>७. कार्यतालिका अनुशार स्थलगत अनुशिक्षण गर्ने स्थलगत अनुशिक्षणमा जाने प्रयोगशालाकर्मीले क्यु सि स्लाइड समेत लिइ आउने नियमित क्यु सि स्लाइड संकलन गर्ने व्यवस्था मिलाउने।<br>८. प्रयोगशाला Lab chemicals and consumebales खरिद ढुवानि अन्तर्गतका माईकोस्कोपी सेन्टरको Lab Chemical and consumebales को वर्षको वार्षिक खपत तथा हालको मौज्दात विवरण माग गर्ने ।<br>९. अनुमानित वार्षिक खपत र सो को २० प्रतिशत थप बफर स्टक रहने गरी प्रयोगशालाका लागि आवश्यक Lab chemicals and consumebales तथा सामाग्रीहरु खरिद प्रकृया अनुरुप खरिद गरी |

| | |
|---|---|
| | सम्बन्धित सेन्टर सम्म आवश्यकता अनुरुप ढुवानी गर्ने ।<br>१०. माईकोस्कोपी सेन्टरमा आपुर्ती गरी दाखिला गर्न लगाउने । |
| **बजेट वाँडफाँड** | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| **अपेक्षित प्रतिफल** | प्रदेश अन्तरगातका माईक्रोस्कोपिक सेन्टरबाट चौमासिक रुपमा ए. एफ.बि. स्लाइडहरु क्यु. सी. शाखामा आउने र गुणस्तर परिक्षण भई प्रिस्ठपोशण हुने र खकार परिक्षणको गुणस्तरता कायम हुनेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ६. संक्रमण नियन्त्रणको लागि आवश्यक अन्य सामग्री खरिद

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१३ | २२५२२ | ३ | पटक | ३०००००/- | प्रथम/दोस्रो तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोगको संक्रमणबाट स्वास्थ्यकर्मी, सेवाग्राही तथा समुदायलाई सुरक्षित राख्नको लागि क्षयरोग उपचार केन्द्र, एम. डी. आर. उपचार तथा DOTS उपचार कक्ष हरुमा आवश्यक उपकरण तथा सामग्रीहरु खरिद संक्रमण रोकथाम गर्ने कार्यको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | क्षयरोग उपचार केन्द्र, एम. डी. आर. उपचार सेन्टर तथा DOTS उपचार केन्द्रमा क्षयरोग संक्रमणबाट सर्वसाधारण व्यक्ति, सेवाग्राही तथा स्वास्थ्यकर्मीलाई सुरक्षित राख्नु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | क्षयरोग उपचार केन्द्र, एम. डी. आर. उपचार सेन्टर तथा DOTS केन्द्रहरुमा संक्रमण नियन्त्रणको वर्तमान अवस्था पहिचान गरी उपलब्ध बजेटको आधारमा कार्यको सूची तयार गर्ने ।<br>क्षयरोग उपचार केन्द्र, एम. डी. आर. उपचार सेन्टर तथा DOTS केन्द्रहरुमा यु.भी. लाईट, Exhaust पंखा, ग्लोव्स, मास्क, बुट, रुमाल, एप्रोन, चस्मा, गाउन, डस्टबिन, डीसइन्फेक्टेन्ट, साबुन, स्यानिटाईजर आदी सामग्री खरिद गर्ने ।<br>उपचार केन्द्रका सम्पूर्ण कर्मचारिहरुलाई २ दिनको संक्रमण नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | क्षयरोग उपचार केन्द्र, एम. डी. आर. उपचार सेन्टर तथा DOTS उपचार केन्द्रमा क्षयरोग संक्रमणबाट सर्वसाधारण व्यक्ति, सेवाग्राही तथा स्वास्थ्यकर्मीलाई सुरक्षित राख्न सहयोग पुगेको हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनुपर्नेछ । |

# ७. प्रयोगशालाकर्मीहरुको लागी क्षयरोग सम्बन्धि खकार माईक्रोस्कोपिका लागि LQAS तालिम

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.१५ | २२५२२ | १ | पटक | २५०००० | दोश्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोगको निदानमा संलग्न प्रयोगशालाकर्मीहरुको खकार परीक्षण सम्बन्धी ज्ञान तथा सिप अधावधिक गर्नै तथा परीक्षण गरीएका स्लाइडको गुणस्तर परीक्षण गर्नै LQAS(Lot Quality Assurance System) विधि बारे जानकारी दिन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | ११। प्रयोगशालामा कार्यरत कर्मचारीहरुद्वारा परिक्षण गरिएका ए. एफ. बी. स्लाईड नियमित चौमासिक रुपमा गुणस्तर परिक्षण गर्नका लागि प्रतिवेदन गर्ने र गुणस्तर परिक्षण पस्चात पृष्ठपोषण गरि गुणस्तरता कायम गर्नुका साथै कर्मचारीमा सकारात्मक सोच को अभिबृद्धि गर्नै। |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | तालिम नलिएकाका प्रयोगशाल कर्मि हरुको विवरण तयार का लागि स्वास्थ्य संस्थाहरु संग सम्नवय गर्ने र सो अनुरुप तालिमको समय तालिका निर्धारण गर्ने ।<br>तालिम अवधी २ वा ३ दिनको हुनेछ ।<br>सहभागि संख्या २० देखि २५ जना सम्म गर्न सकिनेछ ।<br>विषयगत बिज्ञहरुलाई सहजकर्ताको रुपमा समाबेश गर्न सकिनेछ ।<br>तालिम सामाग्रीका लागि रा. क्ष. के. संग समन्वय गरि तालिम निर्देशिका अनुसार अध्यापन गराउने ।<br>प्रदेश अन्तरगतका स्वास्थ्य संस्था वा स्थानमा गई तालिम आयोजना गर्न सकिनेछ।<br>विनियोजित वजेटको परिधिमा रहि कार्यालयको आवश्यकता अनुसार आधारभुत वा पुनर्ताजगी तालिम सञ्चालन गर्ने।<br><br>Microscopy आधारभुत तालिम पुस्तिका, क्षयरोग सेवा अभिलेख तथा प्रतिवेदन फारमहरु प्रयोग गरिनेछ । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि |

| | |
|---|---|
| | कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | हरेक चौमासिकमा परिक्षं गरिएका ए. एफ. बी स्लाईडहरु LQAS बिधिबाट गुणस्तर नियन्त्रण शाखामा प्राप्त भई पुनः परिक्षण गरि प्रिस्टपोषण गर्ने कार्य निरन्तरता आउने र रोग निदानमा हुने गल्तीहरुलाइ सुन्य बनाइ गुणस्तरतामा सुधार आउने । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

## ८. जीन एक्स्पर्ट परीक्षण सोधभर्ना

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.२६ | २२५२२ | ३ | पटक | २७००००/- | प्रथम/दोस्रो /तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | जीन एक्स्पर्ट परीक्षण गर्ने प्रयोगशालाकर्मीले नियमित कार्यालय समय भन्दा अघिपछिको समयमा खकार परीक्षण गर्नु पर्ने एवं परीक्षणका लागि संकलन भएका खकारको जतिसक्दो छिटो परीक्षण गरी क्षयरोगको निदान गरी क्षयरोगका बिरामीलाई चाडो उपचारमा राख्ने र यसबाट प्रयोगशालाकर्मीहरुलाई संक्रमण नियन्त्रण गर्न र उत्प्रेरणा स्वरुप यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | क्षयरोग तथा औषधी प्रतिरोधी क्षमता विकास भएका क्षयरोग विरामी समयमै पत्ता लगाउन जीन एक्सपर्टबाट खकार परीक्षणगरी क्षयरोग निदान सेवालाई प्रभावकारी बनाउने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र गण्डकी प्रदेश पोखरा |
| कार्य सञ्चालन प्रकृया | • राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमले तोके बमोजिम सम्भाव्य क्षयरोगी बिरामीहरुको जीन एक्सपर्ट परीक्षणगर्ने व्यवस्था मिलाउन जीन एक्स्पर्ट सञ्चालनमा रहेका जिल्ला स्वास्थ्य कार्यालयलाई पत्राचार गर्ने ।<br>• जिल्ला तथा स्वास्थ्य संस्थाहरुबाट जीन एक्सपर्ट परीक्षण गर्न प्रेषण गरीएका सम्भावित क्षयरोगीहरुको उक्त बिधिबाट परीक्षण भएको सुनिश्चित गर्ने ।<br>• जीन एक्सपर्ट परीक्षणको प्रतिबेदन मासिक रुपमा सम्वन्धीत स्वास्थ्य कार्यालय लाई उपलब्ध गराउने र क्षयरोग उपचार केन्द्र पोखरामा पनि अभिलेख राख्ने ।<br>• जीन एक्सपर्टबाट परीक्षण गरी नतिजा पोजेटिभ भएका बिरामीहरुले क्षयरोगको उपचार पाए नपाएको सुनिश्चित गर्ने ।<br>• जीन एक्स्पर्ट सेन्टरहरुले नियमित रुपमा DHIS 2 (DRTB Patient Tracing and TB Laboratory system)मा जाच भएको रिपोर्टहरु अध्यावधिक गरी अभिलेख राख्ने<br>• क्षयरोग उपचार केन्द्रले चौमासिक कार्य योजना बनाई जीन एक्सपर्ट प्रयोगशालाको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने ।<br>• जीन एक्स्पर्ट परीक्षण सफल भएको संख्याको आधारमा जीन एक्सपर्ट गर्ने संस्थालाइ लागेको खर्च सोधभर्ना गरी एकमुष्ट रकम उपलब्ध गराउने । जीन एक्सपर्ट जाच भएको तर असफल नतिजा जस्तो error, no result/invalid result नतिजा आएका परीक्षणको रकम उपलब्ध नहुने । |

| | |
|---|---|
| | • वितरण गरीएको रकम नियमानुसार भए नभएको अनुगमन गर्ने ।<br>• जीन एक्सपर्ट गरेको विवरण प्रत्येक महिना संलग्न भएका प्रयोगशालाकर्मीको प्रतिवेदनको आधारमा मात्र शोधभर्ना उपलब्ध गराउने । |
| **बजेट बाँडफाँट** | • क्षयरोग उपचार केन्द्रले कार्ययोजनाको आधारमा अनुगमनका लागि बजेट बाँडफाँट गर्ने ।<br>• रोग निदानमा प्रत्यक्ष संलग्न प्रयोगशालाकर्मीहरुलाई प्रति सफल परीक्षण रु. ५०/- चौमासिक रुपमा उपलब्ध गराउने । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । |
| **अपेक्षित प्रतिफल** | खकार परीक्षण गर्नु पर्ने एवं परीक्षणका लागि संकलन भएका खकारको जतिसक्दो छिटो परीक्षण गरी क्षयरोगको निदान गर्दा क्षयरोगका बिरामीलाई चाडो उपचारमा राखी यसको संक्रमणलाइ नियन्त्रण गर्न सकिनेछ र यस कार्यमा प्रयोगशालकर्मिहरु उत्प्रेरित भइ लाग्नेछन् । |
| **प्रतिवेदन** | प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# ९. क्षयरोग कल्चर ल्याबका लागि कुरियर सेवा

| एी:ब्क्ष्व ऋयमभ | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.३६ | २२५२२ | ३ | पटक | २०१०००/- | प्रथम/दोस्रो/तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोगका बिरामीको अनुगमन, खकार परीक्षण गर्न, पुनः उपचारमा आएका बिरामीहरूमा औषधी प्रतिरोधी क्षयरोग विकास भए/नभएको समयमा नै पत्ता लगाउन क्षयरोग उपचार केन्द्र, डि. आर. उपचार केन्द्र र उप-केन्द्रबाट शंकास्पद क्षयरोगीहरूको खकार कुरियर गरी जाँच गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | १२। पुनः उपचारमा आएका बिरामीहरूमा औषधी प्रतिरोधी क्षयरोग विकास भए/नभएको यकिन हुनु<br>१३। औषधी प्रतिरोधी क्षयरोगका बिरामीको खकार परीक्षण गरी बिरामीको स्वास्थ्य अवस्थाबारे थाहा पाउनु ।<br>१४। जिल्लाहरूबाट कल्चरका लागि पठाइएका खकार नमूनालाई ढुवानी गर्न सहयोग पुग्नु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | १५। कुरीयर सेवाका लागि चाहिने आवश्यक सामग्रीहरू जिपलक ब्याग, पराफिन टेप, फाल्कन ट्युब, कुरिएर बक्स आदिको प्रयोगशालाकर्मीसँग सल्लाह गरी आवश्यक सूची तयार गर्ने ।<br>१६। सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) आवश्यक सामानहरुको सूची अनुसारका सामग्री आपूर्ति र एम. डी. आर. उपचार सेन्टर तथा डट्स उपचार केन्द्रवाट खकार नमुना ढुवानी गरी ल्याउन सम्बन्धित संस्थाहरू वा खकार नमुना ढुवानी गर्ने संस्था वा व्यक्तिलाई सूचिकृत हुनका लागि सुचना आव्हान गर्ने ।<br>१७। आवश्यक सामानहरुको सूची अनुसारको सामग्रीहरु आपूर्ति गर्न र खकार नमुना ढुवानी गर्नका लागि प्रस्ताव पेश गरेका संस्थाहरु मध्ये मूल्यांकनका अधारमा सामग्रीहरु आपूर्ति र खकार नमुना ढुवानी गर्ने संस्था वा व्यक्ति छनौट गर्ने ।<br>१८। कल्चर ल्याबका लागी खकार नमुना कुरीयर गर्न छनौट भएको संस्था वा व्यक्ति सँग अटुट रुपमा सेवा सञ्चालन हुने सुनिश्चित गरी सम्झौता गर्ने । |

| | |
|---|---|
| | १९। कुरीयर सेवाका लागि चाहिने आवश्यक सामग्रीहरू जिपलक ब्याग, पराफिन टेप, फाल्कन ट्युब, कुरिएर बक्स आदि समयमा आपूर्तिका लागि छनौटमा परेका संस्थावाट गर्ने र गराउने ।<br>२०। खकारको नमुना संकलन देखि कल्चर ल्याब सम्म नमुना आइपुग्दा नमुना संकलन, प्याकिंग, तापक्रमको अवस्था इस्टोरेज तथा ढुवानीको गुणस्तरियता तथा प्रभावकारिता भए नभएको बारे नियमित रुपमा प्रदेश कल्चर ल्याब/क्षयरोग उपचार केन्द्रबाट अनुगमनको व्यवस्था गर्ने । |
| **बजेट बाँडफाँट** | २१। सूचीको अआधारमा कुरीयर सेवाका लागि चाहिने आवश्यक सामग्रीहरू जिपलक ब्याग, पराफिन टेप, फाल्कन ट्युब, कुरिएर बक्स आदि खरिदका लागि चौमासिक बजेट छुटयाउने ।<br>२२। वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही स्पुटम खकार कुरियर सेवा लिंदा कल्चर डि.एस.टि. ल्याव सम्म प्रति खकार नमूना अधिकतम स्याङ्गजा, पर्वत, कास्की, तनहुँ को लागि बढिमा रू ३००/-, लमजुङ्ग, गोरखा, बाग्लुङ को लागि बढिमा रू ५००/-, नवलपुर र म्याग्दीको लागि बढीमा रू ७००/- र मनाङ र मुस्ताङको लागि बढिमा रू १०००/- का दरले कुरियर सेवा कायम गर्ने र प्रतिस्पर्धाको आधारमा कुरियर सेवा प्रदायकको छनौट गर्नुपर्ने छ। कुरीयर सेवाका लागि चाहिने आवश्यक सामग्रीहरू जिप लक ब्याग, पराफिन टेप, फाल्कन ट्युब, कुरिएर बक्स आदि खरिदको लागि पनि बजेट ब्यवस्था गर्ने । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| **अपेक्षित प्रतिफल** | समयमै खकार परीक्षण गरी क्षयरोगका विरामी पत्ता लाग्ने र औषधी प्रतिरोधी क्षयरोगका बिरामी पत्ता लगाई समयमै उपचार गर्नमा मद्धत पुग्नेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# १०. जीनएक्स्पर्ट मेसिन लगायत मेसिनरी औजार उपकरणको सञ्चालन तथा मर्मत खर्च

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.३७ | २२५२२ | ३ | पटक | २०1000/- | प्रथम/दोस्रो तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | सञ्चालनमा रहेका जीनएक्स्पर्टबाट खकार परीक्षण सेवाको निरन्तरताका लागि आवश्यक हुने सामग्री तथा जीनएक्स्पर्ट मेसिन सञ्चालनका लागि आवश्यक अन्य उपकरण जस्तै पावर ब्याकअप ब्याट्री, इन्भर्टर वायरिंग, कम्पुटर, प्रिन्टर, ए. सी आदि को मर्मत तथा परिवर्तन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जीन एक्सपर्ट सेन्टर नियमितरुपमा सञ्चालन भई प्रयोगात्मक विरामीको रोग निदान एवं उपचार व्यवस्थापनमा सहजता हुने । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | २३। गण्डकी प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थामा सञ्चालनमा रहेका जीन एक्सपर्ट मेशिनको कार्य सञ्चालन नियमित गराउन आवश्यक हुने सवै प्रकारका सामाग्री स्थलगत अनुगमन पश्चात आवश्यक देखिएमा सोहि अनुसार सूची तयार गर्ने ।<br>२४। उपलव्ध गराउन सकिने सामग्रीमा जीन एक्सपर्ट सञ्चालनका लागि आवश्यक पावर व्याकअप जस्तो इन्भर्टर, व्याट्री, सोलार प्यानल आदिको मर्मत सम्भार तथा परिवर्तन।<br>२५। जीन एक्सपर्ट मेशिन संचालनमा प्रयोगहुने कम्पयुटर, प्रिन्टर, एयर कन्डिसन, ईन्टरनेट डिभाइस, अटोक्लेभ, भोर्टेक्स आदिको मर्मत एवं परिवर्तन ।<br>२६। माथि उल्लेख भएका सामाग्री सहित जीन एक्सपर्ट सेन्टरमा आवश्यक हुने माग वमोजिमका अन्य सवै सामाग्री खरिद तथा मर्मत सम्भार गर्ने ।<br>२७। प्रदेश भित्र रहेका जीन एक्स्पर्ट मेसिनहरूको संचालन तथा मर्मत समेत यसै शीर्षकबाट गर्ने।<br>२८। मर्मत गर्नुपर्नुपर्ने उपकरणको बिवरण तयार गर्ने ।<br>२९। जीन एक्सपर्ट मेसीन संचालन गर्दा आवश्यक पर्ने सामाग्रीको सूचि तयार गरी प्रमाणीत गर्ने।<br>३०। अत्यावश्यक सामाग्रीको खरिद र उपकरणको मर्मतका लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रावधान अनुसार कृयाकलाप संचालन गर्ने । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि |

| | |
|---|---|
| | कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | जीन एक्सपर्ट सेन्टर नियमितरुपमा सञ्चालन भई बिरामीको रोग निदान एवं उपचार व्यवस्थापन सहज हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# ११. बी. एस्. एल. थ्री ल्याब सञ्चालन खर्च

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.४९ | २२५२२ | पटक | ३ | ३०००००/- | प्रथम/दोस्रो/तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोग उपचार केन्द्रमा रहेको बि. एस्. एल. थ्री ल्याबको दैनिकरुपमा सञ्चालन खर्च ( रिएजेन्ट, केमिकल, Consumable सामग्रीहरु लगायत सामग्रीहरू) खरिद गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | बि. एस्. एल. थ्री ल्याबमा खकार कल्चर तथा डी. एस्. टी. सेवाको निरन्तरता सुनिश्चित हुनेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | ३१। बि. एस्. एल. थ्री ल्याबका लागि आवश्यक consumable सामग्रीको सूची तयार गरी स्वीकृत गर्ने ।<br>३२। प्रचलित सार्वजनिक खरिद ऐन र नियमानुसार खरिद प्रकृया अपनाउने ।<br>३३। बोलपत्र आव्हान/कोटेसनका लागि आवश्यक कागजात तयार गरी सूचना प्रकाशन गर्ने ।<br>३४। बि. एस्. एल. ल्याब संचालन वापत रकम बाट बि. एस्. एल. ल्याब संचालन का लागी खर्च गर्नुपर्ने छ । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | बि. एस्. एल. थ्री ल्याब व्यवस्थापन हुनाले खकार कल्चर/ डी. एस्. टी. सेवा प्रवाहको निरन्तरता भएको हुनेछ । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक |

| | |
|---|---|
| | रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |

## १२. फोहोरमैला व्यवस्थापन

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| २.७.२२.५७ | २२५२२ | ३ | पटक | १५००००/- | प्रथम/दोस्रो/तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोग उपचार केन्द्र बाट दैनिक सिर्जना हुने फोहोरमैलाबाट संक्रमण फैलिन नदिइ यसको उचित व्यवस्थापन गर्नको लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | फोहोमैलाको उचित व्यवस्थापन भई यसबाट हुनसक्ने संक्रमणको रोकथाम तथा नियन्त्रण हुनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र गण्डकी प्रदेश, पोखरा |
| कार्य सञ्चालन प्रकृया | ३५। फोहोरमैला व्यवस्थापन गर्ने सामग्रीको सूची र मासिक खर्चको अनुमान गर्ने ।<br>३६। फोहोरमैला ढुवानी र ब्यवस्थापन गर्ने निकायसँग वार्षिक रुपमा सम्झौता गर्ने ।<br>३७। फोहोरमैला व्यवस्थापन गर्न आवश्यक सामग्री जस्तैः बुट, , विभिन्न ४ रंगका बाल्टिन, प्लास्टिक पोका, झाडु, शौचालय सफा गर्न प्रयोग हुने सामग्री (बुट, ग्लोव्स, मास्क, चस्मा, डस्टबिन, फिनेल,हरपिक,क्लोरिन ट्यावलेट सहित आवश्यक सामाग्री आदि) खरिद गर्न सकिने ।<br>३८। सार्वजनिक खरिद ऐन र नियममा भएको प्रावधान अनुसार सामान खरिद गरि व्यवाथापन गर्ने । |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| अनुगमन र मूल्याङ्कन | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| अपेक्षित प्रतिफल | फोहोमैलाको उचित व्यवस्थापन भई यसबाट हुनसक्ने संक्रमणको रोकथाम हुनु । |
| प्रतिवेदन | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक |

| | |
|---|---|
| | रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउनु पर्नेछ । |

# १३. कल्चर ल्याब सञ्चालन खर्च तथा रीएजेन्ट एवं अन्य सामग्री खरिद

| एी:खक्ष्व ऋयमभ | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम | समय अवधि (चौमासिक) |
|---|---|---|---|---|---|
| ७.२.११.५ | २७२१३ | ३ | पटक | ३०००००/- | पहिलो, दोश्रो, तेश्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| परिचय | क्षयरोग उपचार केन्द्रमा संकलन गरिएको नयाँ तथा डी आर क्षयरोग बिरामीको खकारको नमुना कल्चर निरन्तरताका लागि आवश्यक सामान, रिएजेन्ट आदि खरिद गरी कल्चर ल्याव संचालन गर्नको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कल्चर ल्याब सेवाको निरन्तरता सुनिश्चित हुनु । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | क्षयरोग उपचार केन्द्र गण्डकी प्रदेश पोखरा |
| कार्य सञ्चालन प्रकृया | ३९। कल्चर ल्याब संचालनको निम्ति आवश्यक रिएजेंट, कन्ज्युमेवल तथा उपकरणको सम्बन्धित प्रयोगशालाकर्मीसंग राय लिई सूची तयार गर्ने \|<br>४०। सूची अनुसारको आवश्यक सामाग्रिहरुको सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद गर्ने ।<br>४१। कल्चर ल्यावको संचालनमा आवश्यक देखिएका ल्याव सम्वन्धी उपकरण जस्तै फ्रिजर, इन्सपिसेटरको पावर व्याकअप आदिको खरिद गर्ने ।<br>४२। कल्चर ल्यावको पावर व्याकअपका लागि Battery, Inverter, आदिको खरिद एवं जडान खर्च आवश्यकता अनुसार Hepa filter, bio safety cabinet को क्यलिब्रेसन,UV Light को आवश्यकता परेमा खरिद गर्न सकिने ।<br>४३। यस कार्यक्रममा छुट्टाईएको बजेट बाट कल्चर ल्यावका लागि आवश्यक पर्ने साधारण सामानहरु, रिएजेन्ट र कन्जुमेवल सामाग्रीका साथै कल्चर ल्याव संग सम्वन्धी बिषयमा मात्र खर्च गर्न सकिने छ। |
| बजेट बाँडफाँट | • सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४(संसोधन साहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५ को वमोजिम गर्ने । |

| | |
|---|---|
| | • उपलब्ध बजेटको आधारमा बजेट बाँडफाँट गरि बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट स्वीकृत गराई खर्च गर्न सकिने छ । |
| **अनुगमन र मूल्याङ्कन** | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। |
| **अपेक्षित प्रतिफल** | कल्चर ल्याब सेवा निरन्तरता दिईएको हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदनका साथै मासिक, चौमासिक र वार्षिक रुपमा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ । |